धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि.प्र.का दर्ता नं. ०८/०६१/०६२ जि.हु.का दर्ता नं. ०८/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगना परिवर्तन भएमा वा अन्य
कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९, अङ्क ३११ ◆ २०८० जेष्ठ ११ बिहीबार ◆ Thursday, MAY 25, 2023 ◆ ने सं ११४३ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## बागमती प्रदेशसभा बैठक जारी

# विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा छलफल

❑ *प्रत्यूष समाचारदाता*

मकवानपुर । बागमती प्रदेशसभाको बुधबार अपराह्न बसेको दोस्रो बैठकमा आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (करको प्रस्ताव बाहेक) विषयमा छलफल प्रारम्भ भएको छ ।

छलफलमा सत्तापक्षका प्रदेशसभाको सदस्यहरूले प्रदेशको १३ वटै जिल्लालाई समेटिने गरी कृषि उत्पादन, फलफूल, मौसमी तरकारी खेतीलाई आत्मनिर्भर तुल्याउन दीर्घकालीन गुरुयोजना तर्जुमा गर्नुपर्ने सुझाव दिनुभयो। उहाँहरूले कृषकलाई बीउबिजन र मल खाद्य उपलब्ध गराउन सम्बन्धित मन्त्रालयले पहलकदमी लिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विनियोजित विधेयकको सिद्धान्तलाई केवल प्रचारमुखी मात्र नगरी जनताको जीवनस्तरलाई माथि उठाउन सक्ने खालका पूर्वाधार विकास, गुणस्तरीय स्वास्थ्योपचार र मेडिकल शिक्षालाई बढ्वा दिई व्यवहारिकरुपमा कार्यान्वयन गर्नेगरी उच्च प्राथमिकतामा राख्नुपर्ने उहाँहरूको सुझाव थियो ।

बैठकमा बोल्ने सदस्यहरूले प्रदेश सरकारले प्रदेशमा सुशासन ल्याउन जनतालाई सरकारप्रति भरोसा दिलाउने गरी व्यवहारिक पक्षलाई जोड दिनुपर्ने बताउनुभयो । उहाँहरूले कृषि उत्पादनलाई बढ्वा दिने, मझौला सानो रुग्न उद्योगलाई पनि सञ्चालनमा ल्याउने र प्रत्यक्ष रोजगारीको अवसर दिलाउने किसिमका आयोजना प्रस्ताव गर्नुपर्ने बताउनुभयो ।

ग्रामीण बस्तीमा विद्युतीकरण, खानेपानी, कृषि सडक, स्वास्थ्यचौकीको निर्माण गर्न र शैक्षिक गुणस्तरीय दक्ष जनशक्ति उपलब्ध गराउन पनि पाठ्यसामग्री वितरण गर्न पनि बजेटको प्राथमिकतामा पर्नुपर्नेमा सदस्यहरूको जोड थियो ।

भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान ऐन कानुनलाई परिमार्जन गरी अगाडि बढाउनुपर्ने र जुनसुकै दलको नेतृत्वले भ्रष्टाचार एवं त्यस्ताखाले क्रियाकलामा संलग्न भएको थाहा पाएमा सरकारले कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उहाँहरूको माग थियो ।

यसैगरी प्रतिपक्ष दलका प्रदेशसभा सदस्यहरूले प्रदेश सरकारले अघिल्लो वर्षझैं यस वर्ष पनि विनियोजन विधेयक सैद्धान्तिक र प्राथमिकतामा हुबहु शब्दावली राख्नु न्यायोचित नभएको टिप्पणी गर्नुभयो । उहाँहरूले जनतालाई मौसमी खेतीको लागि अत्यन्तै आवश्यक पर्ने मल खाद्य, बीउको समयमै किसानलाई उपलब्ध गराउनेतर्फ बजेटले प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्नुभयो ।

प्रदेशको १३ वटै जिल्लामा कृषि उत्पादन हुने धेरै जग्गा बाँझो रहेको तर सरकारले ती किसानको मर्म र समस्या बुझ्न नसक्दा वर्तमान अवस्थामा कृषि उत्पादन र फलफूल उत्पादनमा ह्रास आएको भन्दै उहाँहरूले बाह्य मुलुकबाट खाद्यान्न (चामल, तरकारी, फलफूल) आयात गर्नुपर्ने कारणसहित विधेयक बनाउन सुझाव दिनुभयो ।

बजेटमा जेसुकै लेखिएको भए पनि अहिले सर्वसाधारण नागरिकले सम्बन्धित कार्यालयबाट सेवा सुविधा पाउनुबाट निकै कठिनाइ भोग्नुपरेको उल्लेख गर्नुहुँदै उहाँहरूले प्रदेश सरकारले ती विपन्न नागरिक, कृषकलाई भरोसा दिलाउने कार्यक्रम ल्याउन र उनीहरूलाई स्वास्थ्य उपचारको लागि दक्ष चिकित्सक अस्पतालमा गुणस्तरीय सेवा पुर्याउनेतर्फ पनि नीतिगत कार्यक्रममा समावेश गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

यसैगरी उहाँहरूले प्रदेशको विभिन्न जिल्लामा रहेका सुकुम्बासी र अव्यस्थित बसोबासीलाई स्थायी बसोबासको लागि जग्गा धनीको पुर्जा, रोजगारीको अवसर र विपन्न कृषकलाई अनुदानमा पशुपालन, कृषि उत्पादनको लागि ऋण उपलब्ध गराउन पनि सरकारले छुट्टै कार्यक्रम ल्याउन आग्रह गर्नुभयो ।

प्रदेशको १३ जिल्लाको एक सय १९ वटै स्थानीय निकायलाई अझ प्रभावकारी ढङ्गबाट परिचालन गरी सर्वसाधारणलाई सेवा सुविधा सहज ढङ्गबाट उपलब्ध गराउने र उनीहरूलाई प्रदेश सरकार र स्थानीय निकाय हाम्रै हो भन्ने खालको बजेट ल्याउन अग्रसर हुनुपर्नेमा प्रदेशसभा सदस्यको जोड थियो ।

विनियोजित विधेयकको सैद्धान्तिक पक्षमा प्रदेशसभा सदस्य तारानाथ श्रेष्ठ, मायादेवी शर्मा, आनन्द मोहन श्रेष्ठ, कुमारी तामाङ, डा दिनेशचन्द्र देवकोटा, भरतबहादुर केसी, रामप्रसाद ढुङ्गानाले छलफलमा सहभागी हुनुभई सुझाव प्रस्तुत गर्नुभएको थियो ।

बुधबारै बसेको प्रदेशसभाको पहिलो बैठकमा सभामुख भुवनकुमार पाठकले संसद्को मौजुदा कार्यव्यवस्था परामर्श समितिको सदस्यमा हेरफेर गर्नु भई तीन जना सदस्य थप मनोनित गर्नुभएको थियो ।

## बाल विवाहविरुद्ध सडक नाटक प्रदर्शन

सप्तरी । सप्तरीको शम्भुनाथ नगरपालिकाको विभिन्न वडाका टोलमा बालबालिकाले दुईदिनदेखि लगातार सडक नाटक प्रदर्शन गरिरहेका छन् ।

जनता माध्यमिक विद्यालय रामपुर जमुवा र रामदयाल माध्यमिक विद्यालय सखुवाक चन्द्राहाका बालबालिकाले शम्भुनाथको विभिन्न टोलमा सडक नाटक प्रदर्शन गरेको कार्यक्रम संयोजक बरुण बस्यालले बताउनुभयो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशको सहयोगमा शम्भुनाथको बैरयाही टोल, मिलन चोक, सदा टोल, शिवचोक, शम्भुनाथ मेलालगायतमा सडक नाटक प्रदर्शन गरिएको हो ।

इन्सेकद्वारा विद्यालयमा गठित बालअधिकार सचेतना समूहका बालबालिकालाई सडक नाटकको तालिम दिएपछि उनीहरु स्वयं बालश्रम, बालविवाह, महिला हिंसा र लागू औषधविरूद्ध सडक नाटक प्रदर्शन गर्न थालेका हुन् । बालकलाकारले समाजमा महिला हिंसाको स्वरुप, बालश्रम गर्न बाध्य हुने अवस्था, बालविवाह र लागुऔषधले पार्ने असर समावेश गरी सडक नाटक प्रदर्शन गरिरहेका छन् ।

गरिब, दलित समुदायमा शिक्षा र सचेतनाको कमीकै कारण हिंसा बढी हुने गरेको शम्भुनाथ नगर पालिका-१० का पूर्ववडाध्यक्ष पतिराम सदाले बताउनुभयो । मानवअधिकार निगरानी समूहका सचिव रामनारायण मण्डलले बालबालिकाकै माध्यमबाट समाजमा रहेको विकृति एवं विसङ्गतिलाई हटाउन खोज्नु बढी लाभदायी भएको बताउनुभयो । मानवअधिकारको प्रत्याभूतिका लागि सरोकारवाला निकायलाई झक्झक्याउन सडक नाटक प्रभावकारी हुने गरेको उहाँको भनाइ थियो ।

## देश विकासमा संस्कृतिकर्मीको भूमिका छ : मन्त्री गुरुङ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले देश विकासमा संस्कृतिकर्मीको अहम् भूमिका रहने बताउनुभएको छ ।

नेपाल सांस्कृतिक महासङ्घको स्थापना दिवसका अवसरमा बुधबार काठमाडौंमा आयोजित 'राष्ट्रिय प्रशिक्षण भेला तथा चित्रकला कार्यशाला २०८०' को उद्घाटन गर्दै उहाँले संस्कृतिकर्मीको भूमिकालाई सम्मान गर्नुपर्ने बताउनुभयो ।

नेपालको राजनीति विकृत र विसङ्गत तरिकाले अगाडि बढिरहेकाले शुद्धीकरण गर्नु जरुरी रहेको उहाँको भनाइ छ । "मैले हिजो कलम लिएर संविधान लेखे । आज मेरो हातमा कुचो छ ।

भ्रष्ट फोहर जहाँ भए पनि बाँकी राख्दिन । बढार्ने काम सुरु भइसकेको छ ।", मन्त्री गुरुङले भन्नुभयो, "नातावाद, कृपावाद वा को पर्छ वा पर्दैन भन्ने, मुद्दा हाल्ने कि नहाल्ने सम्बन्धमा कुनै दुविधा छैन । यो प्रक्रियागतरुपमा अगाडि बढ्छ ।"

उहाँले सांस्कृतिक महासङ्घलाई आफ्नो गतिविधिमार्फत आम नागरिक सुसूचित गर्न सुझाव दिनुभयो । "भ्रष्टाचार गर्नेको कुनै राजनीति वा जात, धर्म हुँदैन । हामी सबै काण्डको छानविन निष्पक्षरुपमा गर्छौं । हाम्रो अगाडि आउने कुनै तगाराले हामीलाई रोक्न सक्दैन, यस अभियानमा महासङ्घको सहयोग आवश्यक छ ।", मन्त्री गुरुङले भन्नुभयो ।

महासङ्घका अध्यक्ष तीर्थ थापाले संस्कृतिकर्मीको आवाजलाई बेवास्ता गर्न नहुने बताउनुभयो । "हाम्रो आवाज र उपस्थिति दुवै अगाडि पुग्न सकेका छैनन् । उचित स्थानमा हामीले सहभागिता पाउनेछौं भन्ने विश्वास छ", अध्यक्ष थापाले भन्नुभयो, "यो कार्यक्रमको उद्देश्य नै पालिकास्तरसम्मै संस्कृतिका माध्यमले जागरण ल्याउनु हो ।"

कार्यक्रममा देशभरबाट संस्कृतिकर्मीको सहभागिता रहेको महामन्त्री शिवशङ्कर रिजालले जानकारी दिनुभयो । उहाँले भेलालाई नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महर, प्रमोदहरी गुरागाईं लगायतले प्रशिक्षण दिने जानकारी दिनुभयो । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल सांस्कृतिक महासङ्घको स्थापना १८ वर्ष अगाडि विसं २०६२ मा आजकै दिन भएको थियो । कार्यक्रमको उद्घाटनसत्रमा महासङ्घलाई आजको दिनसम्म ल्याउन योगदान दिने विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो ।

## पशुपति वनकालीमा पार्थिव शिवलिङ्ग पूजाआजा हुने

काठमाडौं । मानस तथा बोलबम परिवार, जनकपुर धामको आयोजनामा आज बिहीबार पशुपति वनकालीस्थित हंशमण्डपमा दिनभर पार्थिव शिवलिङ्ग पूजाआजा हुनेभएको छ ।

स्वदेश तथा विदेशमा समेत धार्मिक अनुष्ठान गर्दै आएको सो बोलबम परिवार नामक संस्थाले जनकपुरबाट ल्याएको माटोले पशुपतिनाथ परिसरमा शिवलिङ्ग बनाई पाठ, पूजा, हवन गर्न लागेको हो ।

सो संस्थाका अध्यक्ष ललन ठाकुरले बनार सबाट झिकाइएका पण्डितसहित स्वदेशस्थित मधेसी र पहाडी ब्राह्मणको संलग्नतामा चण्डी र रुद्री पाठसहित हवन हुने धार्मिक अनुष्ठानमा ठूलो सङ्ख्यामा भक्तजनको उपस्थिति हुने जानकारी दिनुभयो । सो संस्थाले यसअघि २०७४ सालमा जनकपुरको रङ्गभूमि बाह्रबिघामा एकैदिन दश हजार भक्तजनको उपस्थितिमा पार्थिव शिवलिङ्ग पूजाआज गरेको जनाएको छ ।

बोलबम परिवार संस्थाले देशभित्र जनकपुर स्थित प्रसिद्ध राम-जानकी मन्दिरसहित विभिन्न धार्मिक मठमन्दिर र छिमेकी मित्रराष्ट्र भारतको अयोध्यासहित विभिन्न धार्मिक नगरीमा यसकिसिमको पार्थिव शिवलिङ्ग पूजाआजासहित धार्मिक अनुष्ठान कार्य सम्पन्न गर कोसमेत अध्यक्ष ठाकुरले जानकारी दिनुभयो । यसअघि २०७४ सालमा एकैदिन दश हजार भक्तजनको उपस्थितिमा पूजाआज गरेको जनाएको छ ।

## एक विद्यालय एक नर्स कार्यक्रम सम्बन्धी जानकारी

विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमुना स्वास्थ्य प्रवर्धन कार्यक्रमको रुपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको छ ।

### विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।

- विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरूलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्र खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने, विद्यालय नस तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी शिक्षक कर्मचारी परिवार एवं समदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने.
- सर्ने तथा नसर्ने रोगहरूको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा, चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौडा मकवानपुर, नेपाल

सम्पादकीय ....

## क्षमता अभिवृद्धिमा ध्यान देऊ

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सामुदायिक विद्यालय हुन् ।

विद्यालयमा भौतिक पूर्वाधारको निर्माण र मर्मत, शिक्षक व्यवस्था, तालिम तथा क्षमता विकास, पाठ्यपुस्तक, दिवा खाजा, छात्रवृत्ति, प्रशासनिक तथा सहयोगी कर्मचारी, सिकाइ सामग्री तथा सञ्चालन अनुदान, पुस्तकालय, सूचना प्रविधिको प्रयोग जस्ता शीर्षकमा राज्यबाट बर्सेनि ठुलो लगानी हुँदै आएको छ । मुलुकको समृद्धि र विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने आधारशिलाका रूपमा रहेका यी विद्यालयको सबलीकरण नगरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सकिँदैन ।

सामुदायिक विद्यालयको पूर्वाधार निर्माण एवम् मर्मत सुधारका लागि राज्यबाट बर्सेनि ठुलो रकम लगानी हुँदै आएको छ । त्यस्तै गैरसरकारी र सामुदायिक क्षेत्रबाट पनि विद्यालयको पूर्वाधारको क्षेत्रमा लगानी भएको देखिन्छ । फलस्वरूप विद्यालयमा भौतिक पूर्वाधारको विकास र विस्तार उल्लेख्य रूपमा भएको छ । विद्यालय वातावरण बालमैत्री बन्दै गएको तथा शिक्षण र सिकाइको गुणस्तर अभिवृद्धि हुँदै गएको छ तर विद्यार्थी सङ्ख्या धेरै रहेका र दुर्गम तथा हिमाली भेगमा अझै पनि अपेक्षित रूपमा पूर्वाधार पुर्‍याउन सकिएको छैन ।

स्थानीय तहले राष्ट्रिय मापदण्डका आधारमा विद्यालयको पूर्वाधारको सर्वेक्षण गरी प्राथमिकताका आधारमा सबै विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार पुग्ने गरी पूर्वाधार निर्माण र विकासको कार्यलाई तीव्रता दिने र मर्मतसम्भारमा स्थानीय सरोकारवालाको संलग्नता र सहभागिता अभिवृद्धि र स्थानीय स्रोतको परिचालन गर्नु पर्दछ ।

सिकाइ सामग्री र प्रविधिः सबै विद्यालयमा शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तकको उपलब्धता, प्रत्येक शिक्षकका लागि पाठ्यक्रम, विषय वस्तुको प्रकृति अनुसारका शैक्षिक सामग्री, न्यूनतम सामग्री र उपकरणसहितका प्रयोगशाला र पुस्तकालय व्यवस्था हुनु पर्दछ ।

सिकाइलाई विश्व परिवेशसँग जोड्न र रोचक एवम् प्रभावकारी बनाउन सूचना प्रविधिको प्रयोग हुनु आवश्यक छ । यसका लागि विद्युत् र इन्टरनेटको सुविधा र कम्प्युटर, प्रोजेक्टरलगायत उपकरणको व्यवस्था, संरक्षण र उपयोग हुन जरुरी हुन्छ । विद्यालयलाई सबल शैक्षिक संस्थाका रूपमा विकास गरी विद्यार्थीको सिकाइलाई रोचक, दिगो र प्रभावकारी बनाउन विद्यालयमा आवश्यक सामग्री, प्रविधिको पहुँच र प्रयोग अपरिहार्य छ ।

आफ्नो अधिकारप्रति सचेत र कर्तव्यप्रति सजग रही विद्यालयको व्यवस्थापनलाई प्रभावकारी र नतिजामुखी बनाउन व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकलाई निरन्तर अभिमुखीकरण आवश्यक हुन्छ । यसका लागि वर्तमान पेसागत विकास तालिमका अतिरिक्त विभिन्न छोटो अवधिका तालिम, वैदेशिक अध्ययन एवम् भ्रमणको पर्याप्त अवसर दिई शिक्षकको दक्षता अभिवृद्धि र विभिन्न तालिम तथा अभिमुखीकरणका माध्यमबाट विद्यालय कर्मचारीको क्षमता अभिवृद्धि गर्नु पर्दछ ।

पाठक वर्गमा अनुरोध !

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक" तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# परराष्ट्र नीति र कूटनीति: विचारणीय विषय



डा जयराज आचार्य

गणतन्त्र नेपालको परराष्ट्र नीतिबारे केही कुरा भन्नु अगाडि परराष्ट्र नीतिकै बारेमा एक-दुई सैद्धान्तिक कुरा गर्नु आवश्यक छ । 'परराष्ट्र नीति' भनेको एक देशले अर्को देश या सरकार या अन्तरराष्ट्रिय संस्थाहरूसित कस्तो सम्बन्ध राख्ने या कस्तो व्यवहार गर्ने भन्ने अवधारणा हो । त्यस अवधारणालाई कार्यान्वयन गर्ने प्राविधिक काम या जिम्मेवारीलाई चाहिँ 'कूटनीति' भनिन्छ । जनुसुकै देशको परराष्ट्र नीतिमा पनि परिवर्तन भन्दा निरन्तरताको मात्रा बढी हुन्छ किनकी परराष्ट्र नीति निर्धारण गर्ने स्थायी तत्व 'भूगोल' हो । भूगोल अपरिवर्तनीय छ । त्यसैले भनिन्छ, 'मित्र या शत्रु बदल्न सकिन्छ, छिमेकी बदल्न सकिन्न' । नेपाल भारत र चीनको बीचमा छ, त्यो बदलिन्न । 'इतिहास' अर्को तत्व हो जसले परराष्ट्र नीतिलाई निर्धारण गर्दछ । त्यो पनि बदल्न सकिन्न । हामीले विगतमा दुवै तर्फका छिमेकीसँग युद्ध पनि लडेका थियौं । आज पनि हामीले हाम्रो परराष्ट्र नीति बनाउँदा विगतको त्यो अनुभव र वर्तमानको यथार्थलाई बिर्सन सकिन्न । इतिहासले पाठ सिकाउँछ । वर्तमानले कठोर परीक्षा लिन्छ ।

परराष्ट्र नीतिलाई निर्धारण गर्ने अरू कारकहरूमा भाषा, धर्म, संस्कृति, अर्थतन्त्र, व्यापार-वाणिज्य, सैन्यशक्ति र बदलिँदो अन्तरराष्ट्रिय परिस्थिति पनि हुन् । पृथ्वीनारायण शाह, जङ्गबहादुर, राजा महेन्द्र या बिपी कोइराला सबैले यिनै यथार्थलाई ध्यानमा राखेर आफ्नो परराष्ट्र नीति बनाए र त्यसलाई कार्यान्वयन गर्ने कूटनीति सञ्चालन गरे । नेपालको परराष्ट्र नीतिको उद्देश्य आफ्नो राष्ट्रिय हितलाई सर्वोपरि राखेर त्यसैलाई प्रवर्द्धन गर्नु नै हो । हाम्रो पहिलो उद्देश्य आफ्नो देशको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको संरक्षण गर्नु हो । अनि दोस्रो उद्देश्य हाम्रो आर्थिक र सामाजिक विकास हो । तर के बुझ्नुपर्छ भने हामीले हाम्रो दोस्रो उद्देश्य (आर्थिक विकास) पूरा गरेनौं भने पहिलो उद्देश्य पनि पूरा गर्न सक्दैनौं । आर्थिक विकास बिना हामी ज्यादै परनिर्भर हुन्छौं । फलतः हामी विदेशी शक्तिको दबाब र हस्तक्षेपको शिकार हुन्छौं । त्यसैले आर्थिक विकास परराष्ट्र नीतिको पहिलो उद्देश्यकै महत्वपूर्ण पाटो हो । दोस्रो उद्देश्य भए पनि यो पहिलो उद्देश्यकै अभिन्न अङ्ग बनेको छ । विचारणीय छ, पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको अभियान कालमा, जङ्गबहादुर राणा (राणाशासन कालभरि) र प्रजातन्त्रको उदय भएपछिका समयमा नेपालको पराराष्ट्र नीति र कूटनीतिमा केही भिन्नता थियो । त्यसको विस्तृत चर्चा गर्ने ठाउँ यहाँ छैन । तथापि यति त भन्नैपर्छ कि राष्ट्रिय हितको निरन्तरता चाहिँ सबै समयमा यथावत् थियो ।

राजा वीरेन्द्रको समयमा सन् १९७५ मा नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्ताव पनि गरियो तर त्यसलाई कूटनीतिक कुशलता र चातुरीसाथ अगाडि बढाउन नसक्दा फलदायी हुनसकेन । आन्तरिक राजनीतिक र बाह्य कूटनीतिक व्यवस्थापन हुन नसक्दा सन् १९९० (२०४६ साल) मा जनआन्दोलन भयो र पञ्चायती व्यवस्था खारेज हुनगयो । कूटनीति त सफल भएन, भएन । व्यवस्थाको सुरक्षासमेत हुनसकेन । त्यो एउटा विचारणीय पाठ हो । भनिन्छ, २०४६ सालको पहिलो जन आन्दोलनपछि बहुदलीय 'प्रजातन्त्र' पुनः स्थापना भयो, २०६२-६३ को आन्दोलनपछि 'लोकतन्त्र' स्थापना भयो र अहिले २०७२ को संविधान लागू भएपछि देश सङ्घीय लोकतान्त्रिक 'गणतन्त्र' भएको छ । नेपालको वर्तमान संविधान लागू भएको आठ वर्ष भयो तर विडम्बना जस्तै छ कि 'संविधानको रक्षा गर्नु परेको छ' भन्ने नेतृत्ववर्गको आवाज बराबर सुनिन्छ । प्रश्न छः संविधानलाई खतरा कसरी छ ? देशभित्र या बाहिरबाट छ ? हाम्रो संविधानको संरचनामा नै राजनीतिक अस्थिरता अन्तरनिर्मित छ कि छैन ? अनि नेपाल जस्तो सानो देशमा निरन्तरको अस्थिरताले ठूला शक्ति राष्ट्रको हस्तक्षेप भइरहँदा राष्ट्रिय सुरक्षाको सवाल आइरहन्छ कि आउन्न ? यस्तो अवस्थामा कस्तो परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्न सकिन्छ ? यी गम्भीर मननीय कुरा छन् । अब स्पष्ट हुनुपर्छ कि अस्थिरता अन्तरनिर्मित संवैधानिक संरचनामा नै संशोधनका लागि सर्वदलीय सहमति आवश्यक छ ।

हाम्रो संवैधानिक व्यवस्थामा अन्तरनिर्मित अस्थिरता त छँदैछ । त्यसमाथि फेरि पार्टीहरूले आ-आफ्नै परराष्ट्र नीति बनाउने र अझ पार्टीभन्दा पनि नेता विशेषले आ-आफ्नो व्यक्तिगत हितको लागि परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्ने हो भने बाहिरी हस्तक्षेपको सम्भावना झन् बढछ नै । त्यसकारण हाम्रो परराष्ट्र नीति सर्वदलीय सहमतिमा बनाउनुपर्ने कुरा पहिला स्पष्ट हुनुपर्छ । हामीले हाम्रो परराष्ट्र सम्बन्धका प्राथमिकता पनि स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ र तिनको कार्यान्वयनमा इमानदारीसाथ लाग्नुपर्छ । नेपालको परराष्ट्र नीतिको प्राथमिकतामा क्रमशः नेपाल-भारत सम्बन्ध, नेपाल-चीन सम्बन्ध, नेपाल-अमेरिका सम्बन्ध र नेपालको संयुक्त राष्ट्र सङ्घमा भूमिका नै आउँछन् । इजरायल, खाडी मुलुक, मलेसिया, कोरिया, जापान र जर्मनीलगायत युरोपेली देशहरू खासगरी बेलायतमा आज धेरै नेपाली काम गर्न गएका छन् ।

भूगोल, इतिहास, भाषा, धर्म, संस्कृति, शिक्षा, अर्थतन्त्र, व्यापार, वाणिज्य र सैन्य-सम्बन्धलेसमेत जोडिएको हुनाले नेपाल-भारत सम्बन्ध धेरै व्यापक छ । तर यही व्यापकता र निकटताले सम्बन्धमा जटिलता पनि ल्याउने गर्छ । यो द्विपक्षीय सम्बन्धबारे नेपाल र भारतीय पक्षको बुझाइ फरक हुनसक्छ । यस सम्बन्धमा कुरा गर्दा भारतीय पक्षले दुई देशबीच भूगोल, इतिहास, भाषा, धर्म, दर्शन, संस्कृति र सभ्यताको समीप्यमा जोड दिइरहेको हुन्छ भने नेपाली पक्षले आफूले भोग्नुपरेका व्यावहारिक कठिनाइ खासगरी विकास, अर्थतन्त्र, वाणिज्य, विद्युत् व्यापारलगायत व्यापारघाटा, पारवहनसम्बन्धी झमेला र सीमासम्बन्धी समस्यामा जोड दिइरहेको हुन्छ ।

नेपालको नेतृत्ववर्गले भारतीय पक्षसँग खुलस्त रूपमा र हार्दिकतासाथ यी समस्या समाधान गर्ने विषयमा निरन्तर संवाद गर्नुपर्छ । निरन्तर संवाद नै कूटनीतिको आत्मा हो । सन् १९५० को शान्ति तथा मैत्री सन्धि, प्रबुद्ध व्यक्तिको समूह (इपिजी)को रिपोर्ट, कालापानी-लिपुलेक, सुस्तालगायत सीमा-समस्याले नेपाली जनमानसमा जुन अनुभूति गराइरहेछ, त्यो कसैको पनि हितमा छैन । वास्तविक पारस्परिक विश्वासको वातावरणमा यी सबै समस्या समाधान हुनसक्छन् । तर त्यो भइरहेको देखिन्न । ऐतिहासिक कालदेखि नै हाम्रा लागि नेपाल-चीन सम्बन्ध उत्तिकै महत्वपूर्ण रहिआएको छ । विगत सात दशकयता चीनले तीव्र गतिमा गरेको प्रगतिले हाल आएर ऊ विश्वको दोस्रो ठूलो अर्थतन्त्र र सोही बमोजिम विश्वकै राजनीतिक र सैनिक शक्ति बनेको सन्दर्भमा आज यो सम्बन्ध हाम्रा लागि अझ महत्वपूर्ण भएको छ । तर यो सम्बन्धको व्यवस्थापनमा पनि हामीले जति गरम्भीरतासाथ काम गर्नुपर्ने हो त्यो गरिरहेको अनुभव हुन्न । बीआरआइ अन्तर्गत चीनले जुन परियोजना प्रस्ताव गरेको छत्यसको समझदारीपत्रमा नेपालले पनि हस्ताक्षर गरेको छ तर काम चाहिँ केही पनि भएको छैन ।

नेपालको राष्ट्रिय हित हुनेगरी स्पष्ट छलफल र सम्झौता गर्ने नेपालीको असक्षमताका कारण काम अगाडि नबढेको हो भन्ने देखिएको छ । अगाडि आएका अवसर लिन नसक्नु हाम्रो कमजोरी हो । नेपाल-अमेरिका सम्बन्धमा पनि विचार र अध्ययनको कमी छ । बेलायतपछि नेपालले कूटनीतिक सम्बन्ध राखेको दोस्रो देश अमेरिका हो । सन् १९४७ को अगस्टमा भारत स्वतन्त्र हुनुभन्दा अगाडि (सन् १९४७ अप्रिल २५)मा नै नेपालले अमेरिकासँग कूटनीतिक सम्बन्ध किन राख्यो ? नेपाल-अमेरिका सम्बन्धको के महत्व छ ? एमसीसी अनुदानबारे अनावश्यक र अतिरञ्जनापूर्ण विवाद गर्नेहरूले यो प्रश्न किन नगरेको ? नेपाल र अमेरिका एक-अर्काबाट के चाहन्छन् ? यस सम्बन्धमा दुवैको पारस्परिक स्वार्थ के छ ? तिब्बत र सिक्किमको अनुभवबाट नेपालले के सिक्ने ? नेपालमा एकथरीको बुझाइ छ कि अमेरिकाले नेपाललाई दिल्लीको नजर या झ्यालबाट हेर्छ । तर अमेरिकाले कुनै समय नेपालको हित र अस्तित्वबारे चीनसँग पनि सल्लाह मशविरा गरेको थियो भन्ने धेरैलाई थाहा छैनहोला । मुख्य कुरा के हो भने अमेरिकाले नेपाललाई अफ्नै नजरले हेर्छ र नेपालले पनि अमेरिकालाई आफ्नै नजरले हेर्नुपर्छ ।

अमेरिकाले नेपालको शिक्षा, स्वाथ्य, यातायत, औलो उन्मूलन, जनसङ्ख्या, सामुदायिक वन संरक्षण सूचना र सञ्चारका क्षेत्रमा विगत ७५ वर्षमा गरेको सहयोगको स्वस्थ मूल्याङ्कन गर्नु आवश्यक छ । अध्ययन र ज्ञान बिनाको हल्ला आत्मघाती हुन्छ । अहिले आफ्नो देशको नागरिकता छोडिकन नक्कली भुटानी शरणार्थी बनेर अमेरिका जान पैसाको लेनदेन गर्ने नेपाली जनता र अमेरिकाको सैद्धान्तिक विरोध गरेर राजनीति गर्ने नेताको व्यवहारले अमेरिकाको वास्तविक अप्रतिरोध्य आकर्षण र नेपालको सामाजिक यथार्थ देखाएको कुरा पनि मननीय छ ।सार्क, बिमस्टेक, असंलग्न आन्दोलन आदिभन्दा पनि संयुक्त राष्ट्रसङ्घ नेपालको लागि बढी आवश्यक, उपयोगी र महत्वपूर्ण संस्था हो । नेपाल सन् १९५५ मा त्यसको सदस्य भएपछि सन् १९६९-७० र १९८८-८९ मा सुरक्षा परिषदको दुई-दुई-वर्षे अस्थायी सदस्य पनि चुनियो । तर संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा धेरै लामो र ठूलो योगदान गरेको रेकर्ड हुँदाहुँदै पनि विगत तीन दशकयता सुरक्षा परिषद्मा नेपाल चुनिएको छैन । साधारण सभाको अध्यक्ष पदमा पनि आजसम्म चुनिएको छैन ।

साना मुलुकको बल भनेकै उनीहरूका राष्ट्रिय संस्थाको विश्वसनीयता वा निर्भरयोग्यता हो-- जस्तो सिङ्गापुर र स्वीट्जरल्याण्ड । ती दुवै देश नेपालभन्दा धेरै साना छन् तर तिनको विश्वसनीयता विश्वभर प्रसिद्ध छ । जब सन् २०१८ को जुनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली राष्ट्रपति किम जोङ उनकोबीच भेटवार्ता भयो त्यो सिङ्गापुरमा भयो र त्यो भेटघाटको सुरक्षा नेपाली सुरक्षा गार्डहरूले गरे । ती दुई राष्ट्रपतिको शिखर वार्ता नेपालको नगरकोटमा हुन किन सकेन ? हाम्रो असंलग्नताको रटान र गोर्खालीको वीरता अनि विश्वसनीयता कहाँ गयो ? हाम्रो नेतृत्ववर्गले सोच्ने विषय हो यो । हाम्रो परराष्ट्र नीति र कूटनीति सफल हुनका लागि हाम्रो सरकार, संसद्, अदालत र सुरक्षा निकाय वा संस्था अरूहरूको दृष्टिमा स्वच्छ, सुदृढ, विश्वसनीय र निर्भरयोग्य हुनु अत्यावश्यक छ ।

भाषण या नारामा मात्रै अब नेपाली जनताले त विश्वास गर्दैनन् भने अन्तरराष्ट्रिय जगतले के विश्वास गर्ला ? गणतन्त्र नेपालको पराराष्ट्र नीति र कूटनीतिबारे गहिरिएर विचार गर्नुपर्ने केही मुख्य विषय यिनै हुन् । (लेखक पूर्व राजदूत राजनीतिक विश्लेषक हुन्हन्छ) रासस

तपाईको व्यवसाय विस्तारको लागि रेडियोबाट सूचना या विज्ञापन प्रशारण गर्नु छ ?

यदि छ भने नीलकण्ठ एफ.एम ९८.५ मेगाहर्जलाई सम्झनुहोस् ।

नीलकण्ठ नगरपालिका-३ सुगमटोल धादिङबेशी

फोन नं ०१०-५२१४३०/५९०४३०, ९८५११२०८५०

Neelkantha FM Dhading

email:neelkanthafm@gmail.com

Web :- neelkanthafm.com

## इन्द्रमायाद्धारा लिखित पुस्तक शताब्दी यात्रा लोकार्पण

काठमाडौं । इन्द्रमाया पौडेलद्वारा लिखित पुस्तक 'शताब्दी यात्रा'को लोकार्पण गरिएको छ । बुधबार आयोजित एक समारोहमा उपस्थित अतिथिहरुले संयुक्तरुपमा सो पुस्तक लोकार्पण गर्नुभयो ।

समारोहमा लेखक पौड्यालले आफ्नो जीवनको लामो यात्रामा सङ्गालेका अनुभवलाई समेटी तयार पारिएको पुस्तक आफूपछिका पुस्तालाई हस्तान्तरण गर्न प्रकाशन गरेको बताउनुभयो ।

पुस्तक समीक्षक सांसद डा बिन्दा पाण्डेले विगतको सामाजिक चित्रण रहेको पुस्तकमा जीवन जिउने मात्र होइन सामाजिक योगदान, शिक्षाप्रतिको अटल भाव, सुक्ष्म दृष्टिकोणले अध्ययनपछिको सामाजिक पहिचानको भाव झल्किएको बताउनुभयो ।

त्यस्तै अर्का पुस्तक समीक्षक पत्रकार युवराज घिमिरेले अतीतका प्रतिकुल समयमा लेखकले गरेका सङ्घर्ष प्रेरणादायी रहेको बताउनुभयो । पुस्तकको सम्पादन गर्नुभएकी शुभेच्छा तुलाधरले सामाजिक सेवाले ओतप्रोत रहनुभएकी लेखक पौड्याल आफूमा भएका ज्ञान हस्तान्तरण गर्न रुचाउने कलाले नै पुस्तकको सार्थकता रहेको बताउनुभयो । पण्डित नरहरि निरौलाले वर्तमान समयमा सबैजनाले आत्मचिन्तन गर्न जरुर रहेको बताउनुभयो । सत्य, इमान, नैतिकताले मानिसलाई सफलताको मार्गमा लैजाने उहाँको भनाइ छ ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष छत्रबहादुर प्रधानले आफ्ना अनुभवको सङ्ग्रह गर्न रुचाउने पुस्तालाई पुस्तकले प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो । सांसद डा विमला राईले शताब्दी यात्राका ज्ञानलाई लिपिबद्धरुपमा प्रकाश पारी आउने पुस्तालाई हस्तान्तरण गर्न पुस्तक लोकार्पण गरिएको बताउनुभयो ।

अबको पुस्ताले ज्येष्ठ नागरिकका ज्ञान, सीप, सङ्घष, अनुभवलाई सङ्ग्रह गरी आफ्नो जीवनको पाठको स्रोतको रुपमा लिन आवश्यक रहेको सो क्रममा उहाँले बताउनुभएको थियो ।

## युवालाई बुझ्नु जरुरी छ : नेता डा कोइराला

काठमाडौं । नेपाली काङ्ग्रेसका नेता डा शेखर कोइरालाले युवाको सङ्ख्या देशमा घट्दै जानु सुखद नरहेको बताउनुभएको छ ।

शुभेच्छुक संस्था नेपाल सांस्कृतिक महासङ्घको स्थापना दिवसका अवसरमा आयोजित 'राष्ट्रिय प्रशिक्षण भेला तथा चित्रकला कार्यशाला २०८०' को समापन समरोहलाई सम्बोधन गर्दै नेता कोइरालाले युवाले खोजिरहेको कुरा बुझ्न आवश्यक रहेको बताउनुभयो । "युवाले पार्टी र देशबाट के खोजिरहेको ? यो बुझ्न जरुरी छ । उनीहरू देशमै नरहनु राम्रो सङ्केत होइन । युवालाई काङ्ग्रेसमा कसरी आकर्षित गर्ने विषयमा महासङ्घले समेत भूमिका खेल्नु जरुरी छ", उहाँले भन्नुभयो । उहाँले पछिल्लो समय पार्टी जनतासँग टाढा भएको र सहर केन्द्रीत भएको स्वीकार्दै पुरानो बाटोमा पुनः यात्रा गर्न सुझाव दिनुभयो ।

नेता कोइरालाले सांस्कृतिककर्मीलाई पार्टीले चिन्न नसकेको समेत स्वीकार्नु भयो । "कलाकारलाई चिन्ने र बुझ्ने गिरिजा बाबु हुनुहुन्थ्यो । अहिले चुनावको बेलामा सहयोग चाहिँदा मात्र सम्झिने गरेका छौँ", उहाँले भन्नुभयो, "समयानुकूल परिमार्जित गर्दै महासङ्घलाई अगाडि बढाउनु जरुरी छ । यहाँ काङ्ग्रेस नभएता पनि लोकतान्त्रिक विचार राख्ने कलाकर्मीलाई समेट्न अझै मेहनत गर्नुस् ।" उहाँले आगामी निर्वाचनमा कांग्रेसले वडा तहबाट नै एक्लै लड्नु पर्ने विचार समेत राख्नुभयो ।

भेलामा देशभरबाट सांस्कृतिककर्मीको उपस्थिति रहेको महामन्त्री शिवशङ्कर रिजालले जानकारी दिनुभयो । "सातै प्रदेशबाट प्रतिनिधि आउनुभएको छ । यस भेलाले महासङ्घलाई बढ्न मार्गदर्शन समेत दिएको छ", महामन्त्री रिजालले भन्नुभयो ।

उहाँले छ महिनामा महाधिवेशन गर्ने तयारी भइरहेको समेत जानकारी दिनुभयो । भेलाको उद्घाटन दिउँसो कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले गर्नुभएको थियो ।

## तथ्य र प्रमाणका न्याय दिनुपर्छ : कामु प्रन्या

काठमाडौं । कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले न्यायका उपभोक्तालाई तथ्य र प्रमाणका आधार मा न्याय दिनुपर्ने बताउनुभएको छ ।

'न्याय : अवधारणा एक परिप्रेक्ष्य अनेक' पुस्तकको बुधबार सार्वजनिक गर्दै उहाँले तथ्य र प्रमाणका आधारमा नै न्याय दिनुपर्ने बताउनुभयो । पुस्तक निकै पठनीय र सङ्ग्रहणीय भएको उल्लेख गर्दै उहाँले सबैलाई उपयोगी हुने उक्त पुस्तक पढ्न आग्रहसमेत गर्नुभयो । "पूर्वीय दर्शनबारे हामीलाई नै थाहा छैन, पश्चिमाले पूर्वीय दर्शनकै विषयमा लेखेका पुस्तक किन्छौं", कामु प्रन्या कार्कीले भन्नुभयो, "न्यायको पूर्वीय दर्शनको हामीले नै सोध गर्नु जरुरी छ ।"

महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले तर्क र प्रमाणबाट न्याय कसरी दिलाउन सकिन्छ भनेर पुस्तकमा स्पष्ट लेखिएको बताउनुभयो । उहाँले पूर्वीय दर्शनमा न्याय भनेको अनुभूति भएको बताउनुभयो ।

पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता डा युवराज सङ्गौलाले समाज र न्यायको उत्थान गर्ने हो भने अनुसन्धान गर्नुपर्ने र पश्चिमी प्रयोग छाड्पर्ने बताउनुभयो । वरिष्ठ अधिवक्ता लक्ष्मीप्रसाद मैनालीले न्याय दर्शनको विषयमा लेखिएको पुस्तक अत्यन्तै कम भएको र यो पुस्तक न्याय क्षेत्रकै लागि उपयोगी भएको बताउनुभयो ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले पुस्तक न्यायको विकास कसरी सुरुआत भयो भन्ने कुरा उल्लेख भएको र दर्शनमा आधारित पुस्तक भएकाले महत्वपूर्ण रहेको बताउनुभयो ।

पुस्तकका लेखक अधिवक्ता रवीन्द्र भट्टराईले पुस्तक बुद्ध दर्शनबाट प्रभावित भएर लेखिएको र सबैले पढ्दा राम्रो हुने विश्वास व्यक्त गर्नुभयो । पुस्तकमा पौरस्त्य न्याय प्रणालीलाई एउटा मौलिक प्रणालीका रूपमा शोधमूलक गर्ने प्रयास भएको जनाइएको छ ।

## राणाकालीन दरबार संरचना नारायण भवनको अस्तित्व मेटिँदै

ललितपुर । ललितपुरको जावलाखेलमा जुद्ध शमशेरले उहाँका कान्छा छोरा नारायण शमशेरका लागि निर्माण गरिएको राणाकालीन दरबार संरचना नारायण भवन जीर्ण बन्दै गएको छ । विसं २०७२ को भूकम्पपछि जीर्ण बन्दै गएको उक्त भवनमा अहिले बोटबिरुवा उम्रेका छन् । अबको दिनमा नारायण भवनको भविष्य के हुने हो कसैलाई थाह छैन ।

भूकम्पका कारण राणाकालीन दरबार संरचना नारायण भवनको पूर्वतिरको भाग पूरै भत्केको छ । छाना भत्किन लागेको छ । पीपल, उत्तिसलगायतका बिरुवा उम्रेर र भवनको अस्तित्व हराउँदै गइरहेको छ । ऐतिहासिक दरबार संरचनाको पुनःनिर्माणको लागि कुनै पनि जिम्मेवारी निकायबाट पहल भएको छैन ।

पुनःनिर्माणका लागि पुरातात्विक विभाग र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई पत्राचार गरेको तर ऐतिहासिक दरबार संरचना नारायण भवन निर्माणका लागि पहल नगरेको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका व्यवस्थापन अधिकृत उदय खनालले दुखेसो पोख्नुभयो ।

"नारायण भवन एउटा ऐतिहासिक भवन हो । यसको संरक्षण गर्ने राज्यको जिम्मेवारी हो तर राज्यले ऐतिहासिक संरचणाको संरक्षण र पुनःनिर्माणका लागि चासो देखाएको छैन", उहाँले भन्नुभयो, "यस्ता प्रकारका ऐतिहासिक संरचना आफ्नै आँखा अगाडि भत्किएको देख्दा दुःख लाग्छ ।"

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका एक कर्मचारीका अनुसार, नारायण भवनमा विसं २०५१ देखि महिला विकास प्रशिक्षण केन्द्रको कार्यालय त्यहाँ रहेको थियो । महिला विकास प्रशिक्षन केन्द्रको कार्यालय त्यहाँबाट अर्को ठाउँमा सरेपछि राष्ट्रिय पञ्जीकरण विभागको कार्यालयल त्यहाँ थियो । विसं २०७२ को भूकम्पले ऐतिहासिक दरबार संरचनामा क्षति पुऱ्याएपछि राष्ट्रिय राष्ट्रिय पञ्जीकरण विभाग त्यहाँबाट अर्को ठाउँमा सर्न बाध्य भएको थियो । राणाकालीन दरबार संरचना नारायण भवनअन्तर्गतको १६ रोपनी १४ आनामा फैलिएको जग्गा हाल स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्वामित्वमा छ । नारायण भवन, स्टिल टावर र त्यहाँ छेवमै रहेको नर्सरीलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले भाडामा दिएको छ ।

विसं २०७६ चैत ५ गतेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयअनुसार स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्वामित्वमा रहेको महिला विकास प्रशिक्षण केन्द्रको भवन, चमेना गृह र प्रशिक्षण हल तालिम परियोजनका लागि मात्र प्रदेश सुशासन केन्द्रलाई हस्तान्तरण गरेको सूचना अधिकारी कृष्णप्रसाद भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बागमती प्रदेश सञ्चार रजिस्टारको कार्यालय पनि रहेको छ तर त्यो विषयमा हामीलाई जानकारी छैन ।"

"कुनै समय आफू कार्यरत रहेको ऐतिहासिक भवन दिनप्रतिदिन जीर्ण हुँदै गएकामा दुःख लाग्छ", एक कर्मचारीले भन्नुभयो, "त्यहाँ धेरै महँगा काठ थिए । महँगा सामान पनि थिए तर उचित संरक्षण नगर्नुले ती सबै हराउँदै गइरहेका छन् । राज्यले यस्ता इतिहास बोकेका दरबार संरचनालाई संरक्षण तथा पुनःनिर्माणको पहल गर्नुपर्ने हो तर भूकम्प गएको दशक बित्न लाग्यो अझै पहल भएको छैन ।"

दिनप्रतिदिन जीर्ण हुँदै गएको राणाकालीन दरबार संरचना भत्किँदै गएको छ । घाँसले छोपिँदै गएको छ । संरक्षण नभएको कारण त्यहाँका काठ र अन्य सामान विस्तारै चोरी हुँदै गएका छन् । अस्तित्व हराउँदै गएको छ । सरकारले ऐतिहासिक संरचनाको पुनःनिर्माणका लागि पहल अझै गर्न सकिरहेको अवस्था छैन । हाल स्थानीय विकास प्रशिक्षण प्रतिष्ठा नारायण भवन पुनःनिर्माणको प्रतिक्षामा छ ।

## लुम्बिनी प्रदेशसभाको बजेट अधिवेशन आह्वान

लुम्बिनी । लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले प्रदेशसभाको दोस्रो अधिवेशन अर्थात् बजेट आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुख कार्यालयबाट बुधबार जारी विज्ञप्तिमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम प्रदेशसभाको अधिवेशन आह्वान गर्नका लागि मुख्यमन्त्री डिल्लीबहादुर चौधरीबाट मङ्गलबार सिफारिस भई आएकाले सभाको दोस्रो अधिवेशन आह्वान भएको जनाइएको छ ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम यही जेठ १२ गते (भोली) शुक्रबार दिनका १ बजे प्रदेशसभा भवन, राप्ती उपत्यका (देउखुरी) मा प्रदेशसभाको अधिवेशन आह्वान गर्नुभएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता धर्मा अर्याल बेल्वासेद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

यस्तै प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले संविधानको धार १८३ को उपधारा १ र धारा १६६ को उपधारा २ बमोजिम प्रदेश प्रमुखले प्रदेशसभाको बजेट अधिवेशन आह्वान गर्नुभएको लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम ३ को उपनियम १ बमोजिम सूचना जारी गरिएको उल्लेख गर्नुभएको छ ।

## अष्ट्रेलियाको सिड्नीमा उडान गर्ने तयारी

काठमाडौं । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अष्ट्रेलियाको सिड्नी विमानस्थलमा उडानको समय (स्लट) पाएको छ ।

सिड्नी विमानस्थलले निगमलाई सातामा दुई उडानका लागि अनुमति र स्लट दिएको हो । विमानस्थलले (आज) बिहीबार र शनिबारका लागि स्लट दिएको निगमले उल्लेख गरेको छ ।

विमानस्थलबाट उडानका लागि अनुमति पाएसँगै निगमले अष्ट्रेलियाली नागरिक उड्डयनसँग उडान अनुमतिका लागि आवश्यक कागजात बुझाएको छ । निगमका सहायक प्रवक्ता गणेशकुमार घिमिरेका अनुसार निगमको जहाज तत्काललाई सिङ्गापुरमा 'टेक्निकल अवतरण' गरेर सिड्नी उड्नेछ ।

"आगामी असार ६ गते (जुन २१ तारिख) लाई लक्षित गरेर उडान स्वीकृतिका लागि स्लट, अवतरण पर्मिटलगायतका लागि आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ, स्लट पाइएको छ, बाँकी प्रक्रियामै छ", उहाँले भन्नुभयो । उडानका लागि निगमले हाल जिएसए (जनरल सेल्स एजेन्ट) छनोट लगायत प्रक्रिया पनि अगाडि बढाएको छ ।

त्यस्तै, निगमले सिङ्गापुर र सिड्नीमा इन्धनका लागि पनि कम्पनी छनोटको काम गरिरहेको उल्लेख गरेको छ । सिङ्गापुर र सिड्नी विमानस्थलका लागि एमआरओ (मेन्टेनन्स, मर्मत र अपरेशन) समेत छनोट गरिसकेको छ । निगमले वाइडबडी 'ए' ३३० जहाजबाट अष्ट्रेलियाको सिड्नीमा सिधा उडानको तयारी गरेको जनाएको छ । मलेसिया-भैरहवा एघार हजार चार सय ६१ मै उडाउने




वायुसेवा निगमले यही जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान सुरु गर्दैछ । सो अवसरमा निगमले मलेसियाबाट प्रवर्द्धनात्मक भाडादर रु ११ हजार चार सय ६१ कायम गरेको छ । यो मलेसियाबाट भैरहवा उडानका लागि मात्र हो ।

"मलेसिया-भैरहवा-काठमाडौंका लागि अत्यन्तै सस्तो शुल्कमा टिकट उपलब्ध गराएका छौं", निगमका सहायक प्रवक्ता घिमिरेले भन्नुभयो ।

उहाँका अनुसार मलेसिया-भैरहवाका लागि रु एघार हजार चार सय ६१ र मलेसिया-भैरहवा-काठमाडौंका लागि रु १२ हजार तीन सय ४६ भाडादर कायम गरिएको छ ।

निगमको उडान नम्बर आरए ४२१ जहाज जेठ २९ गते काठमाडौंबाट मलेसियाको क्वालालम्पुर उडान गर्ने र जेठ ३० गते आरए उडान नम्बर ४२२ जहाज क्वालालम्पुरबाट भैरहवा हुँदै काठमाडौं आइपुग्ने उडान तालिका रहेको छ । यो गन्तव्यमा निगमको न्यारो बडी 'ए' ३२० जहाजले उडान भर्नेछ ।

## स्वास्थ्यकर्मीले पाँच महिनादेखि तलब पाएनन्

तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीले पाँच महिनादेखि तलब नपाएपछि हातमा कालोपट्टि बाँधेर आन्दोलन गरेका छन् । तिलोत्तमा नगरपालिकाअन्तर्गतका १७ वटा स्वास्थ्य संस्थामा कार्यरत ७८ जना स्वास्थ्यकर्मीले पुस महिनादेखिको तलब नपाएपछि बाध्य भएर आन्दोलित गर्नुपरेको बताएका छन् ।

नगरपालिका कार्यालयमै आज पत्रकार सम्मेलन गरी कर्मचारीले तलब नपाएपछि जेठ १ गते सबै स्वास्थ्यकर्मीको तर्फबाट ज्ञापनपत्र विभिन्न निकायमा बुझाए पनि सुनुवाइ नभएपछि चरणबद्धरूपमा शान्तिपूर्ण आन्दोलनमा आएको बताएका छन् ।

स्वास्थ्यकर्मी सङ्घर्ष समितिका संयोजक ज्ञानप्रसाद पौडेलले आफूहरूले तलब प्राप्तिका लागि नगरप्रमुख रामकृष्ण खाँण, उपप्रमुख जगेश्वरदेवी चौधरी र प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालसँग पटकपटक मौखिक र लिखित माग गर्दा पनि सुनुवाइ नभएको गुनासो गर्नुभयो । उहाँले प्रमुख जिल्ला अधिकारीमार्फत माथिल्लो निकायमा ज्ञापनपत्र बुझाए पनि सुनुवाइ नभएको बताउनुभयो ।

पाँच महिनासम्म तलब नपाउँदा घरखर्च चलाउन समस्या भएको भन्दै स्वास्थ्यकर्मीले छिटो तलब पाउने व्यवस्थाका लागि नगरपालिकासँग आग्रह



गरिएको छ । यहाँ ४५ जना दरबन्दी तथा समायोजन संशोधन, कामकाज र कोभिड काज गरी ३२ जना दरबन्दीबाहेकका कर्मचारी छन् ।

तलब नपाएको विरोधमा अहिले कालोपट्टी बाँधेर काम गरिरहेका स्वास्थ्यकर्मीले जेठ १२ गतेदेखि नगरपालिका कार्यालयमा धर्ना दिने कार्यक्रम रहेको सङ्घर्ष समितिका सदस्य जनस्वास्थ्य निरीक्षक ठानेश्वर बस्यालले जानकारी दिनुभयो ।

तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले दरबन्दीभन्दा बढी कर्मचारी कार्यरत हुँदा तलब दिन नसकिएको बताउनुभयो । उहाँले स्वास्थ्यले पठाएको बजेट पुगेको र त्यसपछि बजेट नपुगेपछि सबैको रोकिएको बताउनुभयो । तर सङ्घर्ष समितिले स्वास्थ्यकर्मीको पाँच महिनाको करिब रु चार करोड तलब दिन बाँकी रहेको जनाएको छ ।

## अव्यवस्थित बसोबासी समस्या हल नहुँदा

# सम्पन्न भएन करिडोर

काठमाडौँ । निर्माण सुरु भएको साढे दुई दशक बित्दासमेत अव्यवस्थित बसोबासका कारण बागमती करिडोरको निर्माण सकिएको छैन ।

सहरको मध्यभागमा समस्या नभएका ठाउँमा ट्र्याक खोलिइसकिएको भए पनि तिलगङ्गा, थापाथली, बल्खुलगायतका क्षेत्रमा अव्यवस्थित बस्तीले गर्दा ट्र्याक खुल्न बाँकी रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सूचना अधिकारी कमल अर्याललले बताउनुभयो ।

बानेश्वर क्याम्पस क्षेत्रमा एकातिर मात्रै खुलेको छ भने अर्कातर्फ खुल्न सकेको छैन । तिलगङ्गाबाट अगाडि देब्रे सडक मात्रै खुलेको छ । उहाँले भन्नुभयो, “तीनकुने पुलबाट दायाँतर्फ सिनामङ्गल पुल नजिकै दुई किमी सडक खुल्न सकेको छैन ।”

अव्यवस्थित बसोबासीका विषयमा राष्ट्रिय मुद्दा बनेको र यसको समाधान भएपछि मात्रै ती स्थानमा सडक निर्माण गर्न सकिने उहाँले बताउनुभयो । तिलगङ्गादेखि सिनामङ्गलसम्म पाँच/छ सय र थापाथलीमा दुई सय ४३ घरधुरीको बसोबास करिडोर सडक निर्माण गर्ने स्थानमा रहेको छ ।

राष्ट्रिय भूमि आयोगले पहिले त्यस समस्याको समाधान गरेपछि मात्रै करिडोर निर्माण अघि बढ्नसक्ने सूचना अधिकारी अर्याललले बताउनुभयो । आयोग र सम्बन्धित स्थानीय तहको भूमिका बढी रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “वास्तविक सुकुम्बासी को हुन् को होइनन् भन्ने भएपछि थप काम गर्न सकिनेछ ।” तीनकुनेबाट बुद्धनगर हुँदै थापाथलीसम्मका खण्डमा सडक बनिसकेको छ । शङ्खमूलमा च्यासल मैदानबाट मनोहरातर्फबाट आउँदाका खण्डमा ट्र्याक खुल्न बाँकी रहेको अर्याललले बताउनुभयो । शङ्खपार्क क्षेत्रमा काठमाडौँतर्फ ट्र्याक खुलेको छ भने ललितपुरतर्फ खुलेको छैन । शङ्खमूलबाट ललितपुरतर्फ निरन्तर जाँदा चक्रपथ बल्खु हुँदै सुन्दरीघाटसम्म सडक पुग्छ । सुन्दरीघाटबाट पनि अस्थायी बाटो चोभारको मोर्डन इन्डियन स्कुलको अगाडिसम्म पुगेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “थापाथलीमा अस्थायी बसोबासीको घर धेरै हुँदा समाधान नहुँदासम्म गर्न सकिँदैन ।”

विष्णुमती दोभानबाट अघि बढ्दा फलफूल बजारतिर अघि ट्र्याक खुलेको र अबका दिनमा त्यसलाई स्तरोन्नति गरिने समितिको योजना छ । समितिको कार्यक्षेत्र बागद्वारबाट कटुवाल दहसम्म ४४ किमी हो । सुरु र अन्तिम खण्डमा निर्माण हुन बाँकी छ भने बीचका खण्डमा पनि समस्या नभएका खण्डमा मात्रै निर्माणको काम भएको छ ।

करिडोर निर्माणको काम अव्यवस्थित बस्ती भएको ठाउँमा नै बढी बाँकी रहेको समितिले जनाएको छ । अरु कतिपय ठाउँमा अरु संरचनाका कारण पनि करिडोर निर्माण अघि बढ्न नसकेको पाइएको छ । कतै विद्यालय, क्याम्पस र वृद्धाश्रमलगायतका संरचना रहेकाले निर्माण हुन नसकेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “अहिले त्यो सारेर काम अघि बढिरहेको छ ।”

काठमाडौँका मुख्य सडकमा रहेको सवारी चाप कम गर्नेसँगै बागमती र त्यसको सहायक नदीको संरक्षण गर्ने उद्देश्यले सडक निर्माण र नदी संरक्षणको काम सुरु गरिएको थियो ।

समिति एक्लैले नसक्ने हुँदा अहिले आएका समस्या समाधानमा सरोकार राख्ने सबै निकाय मिलेर गर्नुपर्ने सूचना अधिकारी अर्याललले बताउनुभयो ।

## पन्ध्र दिनदेखि अनशनरत सत्याग्रही बिनु यादव र

# सरकार पक्षबीच चारबुँदे सहमति

काठमाडौँ । पन्ध्र दिनदेखि अनशनरत सत्याग्रही बिनु यादव र सरकार पक्षबीच चारबुँदे सहमतिसहित सत्याग्रह तोडिएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले यादवको माग सम्बोधनका लागि आश्वासन दिएपछि बुधबार जुस पिलाएर यादवको सत्याग्रह तोडिएको हो । बिनु यादवको सत्याग्रहका मागमध्ये यादवमाथि पवन कठायतले जबर्जस्ती करणी उद्योग गरेको मुद्दाको निवेदनउपर कारबाहीका लागि गृह मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालय पठाउने सहमति भएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले सरकारले यादवको माग सम्बोधनका लागि सम्पूर्ण प्रयत्न गर्ने आश्वासन दिनुभयो । “कतोकतो केसको अनुसन्धान गरिरहेका छौँ भने यो केस अनुसन्धान गर्न सक्दैनौँ र !”, उहाँले भन्नुभयो, “जहाँ अन्याय र पीडा छ त्यसलाई सम्बोधन गर्नुपर्छ भनेर हामी लागिरहेका छौँ । तपाईंलाई हाम्रो सम्पूर्ण प्रयत्नका साथ न्याय दिन्छौँ ।” यादवले सहमतिअनुसार आफ्नो माग पूरा गर्न उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठसँग अनुरोध गर्नुभयो । “सरकारसँग भएको सहमतिअनुसार मेरो माग पूरा नभए म आत्मदाहको बाटोसमेत रोज्नसक्छु”, सो क्रममा उहाँले भन्नुभयो ।

अदालतमा विचाराधीन रहेका विषय अदालतबाट न्यायिक निरुपण हुने, अन्य मागका सम्बन्धमा क्षेत्राधिकार रहेको सम्बन्धित निकायमा लेखी पठाउने, यादवको स्वास्थ्योपचार गर्ने र उहाँको जीविकोपार्जनका लागि आवश्यक सहयोग गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लेखी पठाउने सहमति भएको छ ।

यादव विगत १५ दिनदेखि कालीमाटी प्रहरीलाई विसं २०७५ मा आफूमाथि जबर्जस्ती करणीको उजुरी फिर्ता गर्न लगाउने तत्कालीन प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीमाथि कारबाही र अन्य विभिन्न पाँचबुँदे मागसहित माइतीघर मण्डलामा सत्याग्रह बस्नुभएको थियो । उहाँले न्यायाधीश बद्रीप्रसाद ओली र यादवको काका ससुरा पवन कठायतलाई कारबाहीको माग गर्नुभएको थियो ।

## औषधि जनतासम्म पुर्‍याउन मुख्यमन्त्री पाण्डेको निर्देशन

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले औषधि र स्वास्थ्य उपकरण स्वास्थ्य संस्थामार्फत जनतासम्म पुर्‍याउन निर्देशन दिनुभएको छ । गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयअन्तर्गतको औषधि तथा स्वास्थ्य उपकरण भण्डारण कक्षको आज निरीक्षण गर्दै उहाँले स्वास्थ्य जनताको जीवनसँग जोडिएको संवेदनशील क्षेत्र उल्लेख गर्दै औषधि थन्काएर राख्ने नभई सक्दो जनताकहाँ पुर्‍याउनुपर्ने बताउनुभयो ।

मङ्गलबार पोखरामा आयोजित एक कार्यक्रममा प्रदेशका विभिन्न पालिकाका जनप्रतिनिधिले औषधि, स्वास्थ्य उपकरण स्टोरमा हुँदाहुँदै प्रदेश सरकारले नदिएको गुनासो गरेका थिए । उक्त गुनासोसँगै आज उहाँ भण्डारण कक्षको निरीक्षण गर्दै त्यहाँका कर्मचारीसँग औषधि थन्काएर राखेको, स्थानीय तहमा नपठाएको हो ? भन्ने प्रश्न गर्नुभयो ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव विनोदबिन्दु शर्माले स्वास्थ्यको प्रोटोकलअनुसार १० प्रतिशत औषधि इमर्जेन्सीका लागि स्टक राख्नुपर्ने नियम रहेकाले सोहीअनुसार मात्रै स्टोरमा औषधि रहेको जानकारी गराउनुभयो । सबै प्रकारका औषधि अझै १० प्रतिशत अपुग रहेको भन्दै उहाँले भएका औषधि जिल्ला अस्पताल र प्रदेश मातहतका स्वास्थ्य संस्थालाई पुर्‍याउन नसकेको बताउनुभयो । इमर्जेन्सीका लागि बाहेक औषधि स्टक नरहेको उहाँले जानकारी गराउनुभयो ।

मुख्यमन्त्री पाण्डेले औषधि १० प्रतिशत राख्नुपर्ने नियम भए पनि स्वास्थ्य उपकरण भने सक्दो धेरै प्रयोगका लागि पठाउन सुझाव दिनुभयो । प्रदेशका ११ जिल्लाका कम्तीमा एक/एक पालिकाका प्रमुखलाई बोलाएर स्वास्थ्य प्रोटोकल र नियमबारे पनि थाहा दिनुपर्ने उहाँले बताउनुभयो ।

“हामी र स्थानीय तहबीच कम्युनिकेशन नहुँदा पनि केही समस्या भएको छ, उहाँहरूलाई प्रदेशमा औषधि छ हामीले पाएनौँ भन्ने परेको हुन सक्छ ।” मन्त्रालयका सचिवलाई निर्देशन दिँदै उहाँले भन्नुभयो, “योबारेमा तत्काल स्थानीय तहका प्रमुखलाई पनि जानकारी गराउनुहोला ।” आफूलाई गरेको ब्रिफिङ र फिल्डमा फरक नहुने गरी काम गर्न मन्त्रालयका कर्मचारीलाई उहाँले निर्देशन दिनुभयो ।

स्वास्थ्यका विषयमा प्रदेश सरकार संवेदनशील रहेको उल्लेख गर्दै उहाँले अहिलेको स्थितिभन्दा आगामी वर्ष स्वास्थ्य क्षेत्रमा सुधार गर्ने जानकारी गराउनुभयो । “हामीसँग साधन स्रोत सीमित छ, आवश्यकता र पूर्तितलाई कसरी व्यवस्थित गर्ने भन्ने योजनामा हामी छौँ”, उहाँले भन्नुभयो । निरीक्षणमा प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिम्खडा लगायतको उपस्थिति थियो ।

## भूटानी शरणार्थी प्रकरणमा प्रहरी महानिरीक्षकको कुनै

# संलग्नता छैन : नेपाल प्रहरी

काठमाडौँ । नेपाल प्रहरीले भूटानी शरणार्थी प्रकरणमा प्रहरी महानिरीक्षकको कुनै संलग्नता नरहेको बताएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता कुबेर कडायतले बुधबार एक विज्ञप्ति जारी गरी नक्कली भूटानी शरणार्थी प्रकरणमा नेपाल प्रहरीका महानिरीक्षक बसन्त कुँवरको कुनै संलग्नता नरहेको बताउनुभएको हो ।

“कुनै आधार, तथ्य र प्रमाणविना अपराध अनुसन्धान जस्तो संवेदनशील विषयमा सम्प्रेषण गरिएको समाचारले जनमानसमा भ्रम सिर्जना हुन जाने र नेपाल प्रहरी सङ्गठनकै विश्वसनीयता, छवि तथा चेन अफ कमाण्डमा समेत आँच आउने हुँदा उक्त समाचारप्रति नेपाल प्रहरी प्रधान कार्यालयको पूर्ण असहमति रहेको छ”, प्रवक्ता कडायतद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

प्रहरीले कुनै दुई व्यक्तिले गरेको संवादकै आधारमा शरणार्थी प्रकरणका आरोपितबाट प्रहरी प्रमुख स्वयंले नै आर्थिक फाइदा लिएको भन्ने अतिशयोक्ति तथ्य स्थापित गर्न खोजी प्रहरी महानिरीक्षकलाई विवादमा तानिनु अत्यन्त निन्दनीय भएको बताएको छ ।

प्रवक्ता कडायतले नक्कली भूटानी शरणार्थी प्रकरणमा नेपाल प्रहरीले नै सफल अनुसन्धान गरी मुद्दा पेस गरिसकेको अवस्थामा कल्पितरूपमा समाचार बनाई आरोपित भगाउन प्रहरी महानिरीक्षक नै संलग्न भएको प्रचारबाजी गरिनु सङ्गठनकै लागि अत्यन्त दुःखद् रहेको बताउनुभयो ।

“नेपाल प्रहरी सदैव संविधान, कानून र सङ्गठनको आफ्नै मूल्यमान्यतामा अडिग रही दोषी नछुट्न्, निर्दोष नफसुन् भन्नेमा सचेत र प्रतिबद्ध छ”, विज्ञप्तिमा भनिएको छ ।

प्रतिनिधिसभाको हिजो (बुधबार) को बैठकमा सांसदहरूले प्रहरी महानिरीक्षकले नक्कली भूटानी शरणार्थी प्रकरणमा आरोपीलाई जोगाउन भूमिका खेलेको भन्दै उहाँलाई निलम्बन गरी सत्यतथ्य छानविन गर्नुपर्छ भनी गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो ।

## नक्कली मदिरा बनाई बिक्री गर्ने पक्राउ

रुपन्देही । राजश्व छली नक्कली स्टिकर तथा नक्कली मदिरा बनाई बिक्रीवितरण गर्नेलाई रुपन्देही प्रहरीले भैरहवाबाट पक्राउ गरेको छ ।

रुपन्देही सिद्धार्थनगर नगरपालिका–९ बस्ने २८ वर्षीय नवीन पन्थी र सोही ठाउँका ३१ वर्षीय मुक्तार पठानलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने क्रममा नक्कली स्टिकर तथा नक्कली रक्सी बनाई बिक्री गर्ने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो ।

अम्बिका ट्रेडर्स सञ्चालक पन्थी र पठानलाई राजश्व छली नक्कली स्टिकर तथा नक्कली मदिरा बनाई बिक्री वितरण गरेको भन्ने गोप्य सूचना आधारमा पक्राउ गरिएको हो । प्रवक्ता अर्यालका अनुसार उनीहरूले स्थानीय फिरोज खानको घरमा कोठा भाडामा लिइराखेको अवस्थामा आन्तरिक राजश्व विभाग लेखेको स्टिकर ५९३ वटा, सिग्नेचरको खाली बोतल ४८ वटा, ओल्ड दरबार लेखेको खाली बोतल १६ वटा, गोल्डेन ओक लेखेको खाली बोतल नौ वटा, सिग्नेचर १८० एमएलको १२ बोतल बरामद गरिएको छ ।

यस्तै सिग्नेचर ३७५ एमएलको दुई बोतल, गोल्डेन ओक १८० एमएलको चार बोतल, ओल्ड दरबार रेगुलर १८० एमएलको तीन बोतल, ओल्ड दरबार रेगुलर ३७५ एमएलको एक बोतल, १८० एमएलको एटएटफोरएट ४१ बोतल, जारको भाँडामा रहेको रक्सी जस्तो तरल पदार्थ एक लिटर बरामद गरिएको छ । बरामद खरिएको समान तथा व्यक्तिहरूलाई आवश्यक कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय भैरहवा रुपन्देहीमा पठाइएको प्रहरीले जनाएको छ ।

## नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा

# एघार देशका ३७ चलचित्र

काठमाडौँ । नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा प्रदर्शन हुने चलचित्रको सूची सार्वजनिक गरिएको छ ।

आउँदो असार ७ देखि १० गतेसम्म चल्ने महोत्सवमा नेपालका सुजित विडारीद्वारा निर्देशित ‘ऐना भ्यालको पुतली’, पाकिस्तानका साइम सदिकद्वारा निर्देशित ‘जोइल्याण्ड’, नेपालकै अविनाशविक्रम शाहद्वारा निर्देशित लघु चलचित्र ‘लोरी’ र दीपक रौनियारद्वारा निर्देशित ‘फोर नाइट्स’ लगायतका चलचित्र महोत्सवमा प्रदर्शन हुने महोत्सव निर्देशक युवाकर राजकर्णिकारले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “कोरोना महामारीपछि यो वर्षका सबै प्रदर्शन भौतिकरूपमा नै आयोजना गर्न लागिएकाले उत्साहित भएका छौँ । महोत्सवमा नेपाल, अमेरिका, इजिप्ट, भारत, पाकिस्तानलगायत एघार देशका फिचर चलचित्र, वृत्तचित्र, छोटा चलचित्र र एनिमेसन गरी ३७ चलचित्र प्रदर्शन हुनेछन् ।”

वासिङ्टन डिसी महानगर क्षेत्र स्थापित महोत्सवको उद्घाटन र समापन मेरिल्याण्डस्थित एएफआई सिल्भर थियटरमा हुने र चलचित्र एएफआई तथा ओल्ड ग्रिनबेल्ट थिएटरमा प्रदर्शन हुने उहाँले जानकारी दिनुभयो ।

आयोजक नेपाल-अमेरिका फिल्म सोसाइटीको आयोजनामा सम्पन्न हुने महोत्सवमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे छलफल हुनेछ । महोत्सवका लागि आवेदन परेका चलचित्रलाई फिल्म सोसाइटीको चलचित्र छनोट समितिले प्रदर्शनका लागि छनोट गरेको थियो । म्यारिल्याण्ड राज्यमा स्थापित नेपाल-अमेरिका फिल्म सोसाइटीले सन् २०१७ देखि प्रत्येक वर्ष निरन्तर महोत्सव आयोजना गर्दै आएको छ ।

## सूचनाको हकसम्बन्धी आयोगको प्रतिनिधिमण्डल नेपालमा

काठमाडौँ । श्रीलङ्काको सूचनाको हकसम्बन्धी आयोगको प्रतिनिधिमण्डल नेपाल आएको छ । आयोगका अध्यक्ष उप्ले एबेराथ्ने नेतृत्वको प्रतिनिधिमण्डल नेपाल भ्रमणका लागि आज काठमाडौँ आइपुगेको हो ।

श्रीलङ्काको सूचना आयोगको प्रतिनिधिमण्डललाई बुधबार नेपालको राष्ट्रिय सूचना आयोगका पदाधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभयो । राष्ट्रिय सूचना आयोगको प्रवक्ता कमला ओली थापाका अनुसार अध्यक्ष एबेराथ्नेसहितको प्रतिनिधिमण्डलले नेपालमा सूचनाको हकको कार्यान्वयनका विषयमा छलफल गर्ने कार्यक्रम छ । सूचनाको हक महासङ्घ र अन्य गैरसरकारी सङ्घसंस्थासँग सूचनाको हकको विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ ।

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com